**गुराँस राजपत्र**

**गुराँस गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः १०** **संख्याः ६०** **मितिः २०८३/०६/०२**

**भागः २**

**गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# लागु औषध नियन्त्रण, जनचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले लागु औषध नियन्त्रण, जनचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ जारी गरेको छ ।

## गुराँस गाउँपालिका

## लागु औषध नियन्त्रण, जनचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/२४
प्रमाणीकरण मितिः २०८३/०६/०२

**प्रस्तावनाः**

गुराँस गाउँपालिका भित्रका युवा, विद्यार्थी तथा सर्वसाधारण नागरिकहरूलाई लागु औषध, दुर्व्यसन र अवैध ओसारपसारका नकारात्मक प्रभावहरूबाट जोगाउन, समुदायमा सचेतना अभिवृद्धि गर्न, दुर्व्यसनमुक्त समाज निर्माण गर्न तथा विद्यालय र समुदायस्तरमा लक्षित सचेतनामूलक र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने कार्यलाई व्यवस्थित, प्रभावकारी र नतिजामुखी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ तथा दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद–१: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम **"गुराँस गाउँपालिका लागु औषध नियन्त्रण, जनचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"गाउँपालिका"** भन्नाले गुराँस गाउँपालिका सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले गुराँस गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ग) **"समिति"** भन्नाले परिच्छेद–३ बमोजिम गठित गाउँपालिका तथा वडास्तरीय लागु औषध नियन्त्रण एवं जनचेतना समन्वय समिति सम्झनु पर्छ।

(घ) **"लागु औषध"** भन्नाले लागु औषध (नियन्त्रण) ऐन, २०३३ ले लागु औषध भनी तोकेका प्राकृतिक वा रासायनिक पदार्थ, गाँजा, चरेस, नशानुकलु औषधी तथा मादक पदार्थसमेत सम्झनु पर्छ।

(ङ) **"लक्षित समूह"** भन्नाले माध्यमिक विद्यालयका विद्यार्थी, युवा, अभिभावक, सवारी चालक, जनप्रतिनिधि, आमा समूह, क्लब तथा स्थानीय बासिन्दा सम्झनु पर्छ।

(च) **"प्रशासकीय प्रमुख"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

## परिच्छेद–२: उद्देश्य तथा रणनीति

### ३. उद्देश्य:

यस कार्यविधिको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहनेछन्:

(क) गाउँपालिका क्षेत्रभित्र लागु औषधको प्रयोग, ओसारपसार र बिक्री-वितरणमा नियन्त्रण तथा न्यूनीकरण गर्ने।

(ख) किशोर-किशोरी तथा युवा वर्गलाई लागु औषधको कुलतबाट जोगाउन विद्यालय र समुदायस्तरमा निरन्तर जनचेतनामूलक तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

(ग) कुलतमा परेका व्यक्तिहरूलाई पहिचान गरी परामर्श (Counselling), पुनःस्थापना (Rehabilitation) र समाजमा पुनर्मिलनका लागि सहयोग पुर्‍याउने।

(घ) नेपाल प्रहरी, स्थानीय सङ्घ-संस्था, विद्यालय, आमा समूह र नागरिक समाजसँग समन्वय गरी सशक्त निगरानी सञ्जाल निर्माण गर्ने।

### ४. प्रमुख रणनीतिहरू:

(क) **रोकथाममूलक रणनीति:** विद्यालयमा पाठ्यसामग्री एवं सचेतना कक्षा, वक्तृत्वकला, हाजिरीजवाफ, र सडक नाटक सञ्चालन गर्ने।

(ख) **परामर्श तथा उपचार रणनीति:** दुर्व्यसनीमा परेका युवाहरूलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने।

(ग) **समुदाय आधारित निगरानी:** टोल विकास संस्था, वडा समिति र स्थानीय प्रहरीको सहकार्यमा जोखिमयुक्त क्षेत्रको पहिचान र गस्ती वृद्धि गर्ने।

## परिच्छेद–३: समिति गठन तथा जिम्मेवारी

### ५. गाउँपालिकास्तरीय लागु औषध नियन्त्रण तथा सचेतना समिति:

कार्यक्रमको नीतिगत मार्गदर्शन, बजेट व्यवस्थापन र अनुगमनका लागि देहाय बमोजिमको समिति रहनेछ:

- क) **संयोजक:** गाउँपालिका उपाध्यक्ष
- ख) **सदस्य:** कार्यपालिकाबाट तोकिएका २ जना सदस्य (१ जना महिला अनिवार्य)
- ग) **सदस्य:** स्थानीय प्रहरी चौकी/इलाका प्रहरी कार्यालयका प्रमुख

घ) **सदस्य:** तोकिएको माध्यमिक विद्यालयका प्रधानाध्यापक प्रतिनिधि (१ जना)

ङ) **सदस्य:** स्थानीय युवा/आमा समूहका प्रतिनिधि (१ जना)

च) **सदस्य-सचिव:** स्वास्थ्य शाखा प्रमुख

**६. वडास्तरीय लागु औषध सचेतना समिति:**

प्रत्येक वडामा कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको वडास्तरीय समिति गठन गर्न सकिनेछ:

क) **संयोजक:** सम्बन्धित वडा अध्यक्ष

ख) **सदस्य:** वडा महिला सदस्य

ग) **सदस्य:** नजिकैको प्रहरी चौकीका प्रतिनिधि

घ) **सदस्य:** वडा भित्रका माध्यमिक विद्यालयका प्रतिनिधि (१ जना)

ङ) **सदस्य:** वडास्तरीय महिला समूह/टोल विकास समितिका प्रतिनिधि

च) **सदस्य-सचिव:** वडा सचिव

**७. समितिको काम, कर्तव्य र अधिकार:**

(१) वार्षिक जनचेतना तथा अभिमुखीकरण कार्ययोजना तयार गरी स्वीकृतिका लागि पेस गर्ने।

(२) विद्यालय, टोल र वडास्तरमा अभिमुखीकरण, सडक नाटक, र अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने।

(३) लागु औषध दुर्व्यसनको जोखिममा रहेका सम्भावित क्षेत्र (Hotspots) को पहिचान गरी सचेतना र निगरानी बढाउने।

(४) कार्यक्रमको प्रभावकारिताको अनुगमन गरी गाउँ कार्यपालिकामा आवधिक प्रतिवेदन पेस गर्ने।

## परिच्छेद–४: कार्यक्रम सञ्चालन तथा कार्यान्वयन ढाँचा

**८. विद्यालयस्तरीय सचेतना तथा अभिमुखीकरण कार्यक्रम:**

(१) गाउँपालिका भित्रका प्रत्येक माध्यमिक तथा आधारभूत विद्यालयमा कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूका लागि अनिवार्य रूपमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

(२) विद्यालयहरूमा देहायका क्रियाकलाप सञ्चालन गरिनेछ:

क) **विशेष कक्षा:** लागु औषधका शारीरिक, मानसिक, सामाजिक र कानूनी दुष्परिणामबारे विशेषज्ञ वा प्रहरी अधिकारीबाट अभिमुखीकरण।

ख) **रचनात्मक प्रतियोगिता:** लागु औषध विरुद्धको वक्तृत्वकला, चित्रकला, निबन्ध लेखन तथा हाजिरीजवाफ प्रतियोगिता।

ग) **विद्यार्थी चेतना क्लब गठन:** प्रत्येक विद्यालयमा ५ देखि ७ जना विद्यार्थी रहेको "लागु औषध विरुद्धको विद्यार्थी सञ्जाल" गठन गर्ने।

**९. समुदायस्तरमा जनचेतना कार्यक्रम:**

(१) वडास्तरमा अभिभावक, युवा, सवारी चालक र व्यापारीहरूलाई लक्षित गरी अभिमुखीकरण सञ्चालन गरिनेछ।

(२) समुदायमा सचेतना फैलाउन सडक नाटक, पाम्प्लेट/ब्रोसर वितरण, भित्ते लेखन तथा स्थानीय एफ.एम./सञ्चार माध्यमबाट सन्देश प्रसार गरिनेछ।

**१०. स्रोत व्यक्ति (Resource Person) को छनौट:**

अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका व्यक्तिहरूलाई स्रोत व्यक्तिका रूपमा खटाउन सकिनेछ:

(क) नेपाल प्रहरी वा लागु औषध नियन्त्रण ब्यूरोका अधिकारी।

(ख) मनोविद् वा मनोसामाजिक परामर्शदाता।

(ग) स्वास्थ्यकर्मी वा कानूनी विज्ञ।

(घ) सुधार गृहबाट पुनःस्थापित भई समाजमा सकारात्मक योगदान दिइरहेका व्यक्तिहरू (प्रेरक वक्ताका रूपमा) ।

## परिच्छेद–५: आर्थिक व्यवस्थापन तथा खर्चको मापदण्ड

**११. बजेट व्यवस्थापन:**

यस कार्यविधि बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्न गाउँपालिकाले वार्षिक बजेटमा आवश्यक रकम विनियोजन गर्नेछ। साथै गैरसरकारी संस्था तथा प्रदेश/सङ्घीय सरकारसँगको सहकार्यमा समेत स्रोत जुटाइनेछ।

**१२. खर्चको सीमा तथा मापदण्ड:**

(१) कार्यक्रम सञ्चालन गर्दा हुने खर्च (खाजा, स्रोत व्यक्ति भत्ता, हल भाडा, प्रचारप्रसार, पुरस्कार आदि) गाउँपालिकाको स्वीकृत कार्यसञ्चालन निर्देशिका अनुसार हुनेछ।

(२) **भत्ता तथा खर्चको दर मापदण्ड:**

क) **स्रोत व्यक्ति (गाउँपालिका बाहिरको विशेषज्ञ):** तोकिए बमोजिमको प्रतिसेसन/दैनिक भत्ता र भ्रमण खर्च।

ख) **स्रोत व्यक्ति (स्थानीय कर्मचारी/प्रहरी):** गाउँपालिकाको नियमानुसारको आन्तरिक कार्यदल/प्रशिक्षक भत्ता।

ग) **विद्यार्थी/प्रतिभागी खाजा खर्च:** स्वीकृत दररेट अनुसार।

घ) **प्रतियोगिता पुरस्कार:** प्रथम, द्वितीय, तृतीय र सांत्वना स्थान हासिल गर्नेलाई प्रमाण-पत्र र नगद/शैक्षिक सामग्री पुरस्कार।

## परिच्छेद–६: अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

### १३. अनुगमन तथा निरीक्षण:

(१) कार्यक्रमको अनुगमन गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको गाउँपालिकास्तरीय लागु औषध नियन्त्रण समितिले गर्नेछ।

(२) अनुगमनका क्रममा कार्यक्रमको सहभागिता, प्रभावकारिता र लक्ष्य हासिल भए/नभएको जाँच गरिनेछ।

### १४. प्रतिवेदन पेस गर्ने:

कार्यक्रम सम्पन्न भएको १५ दिनभित्र कार्यक्रम संयोजक वा सम्बन्धित शाखाले स्पष्ट तस्विर, सहभागी संख्या, समीक्षा र खर्चको विवरण सहितको अनुसूची ३ बमोजिमको **कार्यान्वयन प्रतिवेदन** प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेस गर्नुपर्नेछ।

## परिच्छेद–७: विविध

### १५. गोपनीयता कायम राख्ने:

सचेतना वा परामर्शका क्रममा कुनै विद्यार्थी वा व्यक्ति लागु औषधको दुर्व्यसनमा परेको पहिचान भएमा निजको पहिचान, गोपनीयता र प्रतिष्ठाको पूर्ण संरक्षण गरिनेछ। निजलाई कानूनी सजायभन्दा पनि सुधार र परामर्शतर्फ प्रेषित गरिनेछ।

### १६. बाधा अड्काउ फुकाउने:

यस कार्यविधि कार्यान्वयन गर्दा कुनै दुविधा वा बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

## अनुसूची–१: सचेतना तथा अभिमुखीकरण कार्यक्रम प्रस्ताव फाराम

**गुराँस गाउँपालिका, कार्यपालिकाको कार्यालय**

**रानीमत्ता, दैलेख।**

१. कार्यक्रमको नाम: ..........................................................................

२. आयोजना हुने स्थान (वडा/विद्यालय/टोल): ...............................................

३. प्रस्तावित मिति र समय: ......................................................................

४. लक्षित समूह (विद्यार्थी/युवा/अभिभावक/अन्य): ............................................

५. अनुमानित सहभागी संख्या: ......................................................................

६. मुख्य विषयवस्तु/प्रस्तुति: ......................................................................

७. प्रस्तावित स्रोत व्यक्तिको नाम र संस्था: ....................................................

८. अनुमानित खर्चको विवरण:

- खाजा/पानी खर्च: रू. ....................
- स्रोत व्यक्ति/प्रशिक्षक भत्ता: रू. ....................
- स्टेशनरी तथा प्रचारप्रसार: रू. ....................
- अन्य (पुरस्कार/ध्वनि प्रणाली आदि): रू. ....................

**कुल अनुमानित खर्च:** रू. ....................

**प्रस्ताव गर्ने शाखा प्रमुख:**

नाम: ............................................... पद: .......................... हस्ताक्षर: ................... मिति: ...................

**स्वीकृति:**

माथि उल्लेखित कार्यक्रम सञ्चालन गर्न नियमानुसार स्वीकृत प्रदान गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत: ................... मिति: ...................

**अनुसूची–२: कार्यक्रम उपस्थिति तथा मूल्याङ्कन फाराम**

**कार्यक्रमको विषय:** लागु औषध सम्बन्धी जनचेतना तथा अभिमुखीकरण कार्यक्रम

**स्थान:** ............................................... **मिति:** ....................

| क्र.सं. | सहभागीको नाम | पद/वर्ग (विद्यार्थी/अभिभावक/अन्य) | संस्था/वडा नं. | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची–३: कार्यक्रम समापन तथा समीक्षा प्रतिवेदन ढाँचा

१. **कार्यक्रमको नाम:** ...........................................................................................

२. **सञ्चालन भएको मिति र स्थान:** ....................................................................

३. **कुल सहभागिता:**

छात्र/पुरुष: ...........

छात्रा/महिला: ...........

कुल: ...........

४. **सञ्चालित मुख्य क्रियाकलापहरू:**

(क) .........................................................................................

(ख) .........................................................................................

५. **हासिल भएका मुख्य उपलब्धिहरू:**

(क) .........................................................................................

(ख) .........................................................................................

६. **सहभागीहरूबाट प्राप्त सुझावहरू:**

(क) .........................................................................................

(ख) .........................................................................................

७. **कुल वास्तविक खर्च:** रू. ................... (बिल-भरपाई संलग्न)

**प्रतिवेदन पेस गर्नेको हस्ताक्षर:** ...................

**नाम/पद:** ..............................................

**मिति:** ...................

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत